**मिति २०७५।०५।०५**

आज मिति २०७५।०५।०५ गतेका दिन विहान ८.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन | दस्तखत |
| का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बु | दस्तखत |
| कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री सीता रिजाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री सानु दास | दस्तखत |
| कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| कार्यपालिका सदस्य श्री सावित्री राई | दस्तखत |
| कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार | दस्तखत |
| कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा | **अनुपस्थित** |

सचिव, प्र. प्र. अ.  श्री महेन्द्रकुमार खाम्याहाङ्ग          दस्तखत

**अन्य उपस्थिति**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह          दस्तखत

२. लेखाअधिकृत श्री राजकुमार राई          दस्तखत

३. ईन्जिनियर श्री दीपकप्रसाद गुरागाईं          दस्तखत

४. कर अधिकृत श्री बबुल भक्तराज          दस्तखत

**निर्णय नं. १.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंदरबार, काठमाडौंको च. नं. १४५, मिति २०७५।४।१७ को सम्पत्ति विवरणसम्बन्धी परिपत्रअनुसार इलाम नगरपालिकाका पदाधिकारीहरुको सम्पत्ति विवरण तोकिएको समयभित्रै कार्यालयमा दाखिला गर्ने गराउने निर्णय   गरियो ।

**निर्णय नं. २.** इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९ चैत्र २० गते सम्पन्न सम्झौताअनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा सोको उचित सञ्चालनको लागि निम्नानुसारको ढाँचामा  सञ्चालक समिति गठन गरी सञ्चालनको लागि महेन्द्ररत्न बहुमुखी क्याम्पससँग समन्वय गर्ने निर्णय  गरियो ।

**प्रस्तावित ढाँचा :**

अध्यक्ष  –  हरितनगरसम्बन्धी अनुभवप्राप्त क्याम्पसमा प्राध्यापनरत व्यक्तिलाई क्याम्पस प्रमुखबाट मनोनयन हुने

सदस्य  – क्याम्पस प्रमुखबाट १ जना क्याम्पसमा प्राध्यापनरत महिलालाई मनोनयन हुने

सदस्य  – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन हुने

सदस्य  – पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट नगर प्रमुखबाट १ जना मनोनयन हुने

सदस्य  – क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरुमध्येबाट नगर प्रमुखबाट १ जना मनोनयन हुने

पदेन सदस्य – क्याम्पसको हर्टिकल्चर विभागको प्रमुख

पदेन सदस्य – क्याम्पस रहेको वडाको वडाध्यक्ष

पदेन सदस्य – नगर कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक

पदेन सदस्य –  नगरपालिकाले तोकेको विशिष्ट नागरिकमध्येबाट १ जना नगर प्रमुखबाट मनोनयन हुने

सचिव – इलाम नगरपालिकाको शिक्षा शाखाका शाखा प्रमुख

कार्यालय सचिव – क्याम्पस प्रमुखबाट तोकिएको क्याम्पसको कर्मचारी

**निर्णय नं. ३.** इलाम नगरपालिकाको घ वर्गको निर्माण व्यवसायीको इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ मा निम्नानुसार संशोधन गर्नु आवश्यक भएकोले सो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन तथा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| दफा २ को उपदफा ३ : दफा २ को उपदफा २ अनुसारको समितिले गरेको सिफारिससहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ | दफा २ को उपदफा २ अनुसारको समितिले गरेको सिफारिससहित प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले इजाजतपत्र प्रदान गर्ने । | इजाजत पत्र प्रदान कार्य चाँडो सम्पन्न गर्ने |

**निर्णय नं. ४.** इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७५ मा निम्नानुसार संशोधन गर्नु पर्ने भएकोले सो संशोधनको व्यवस्था लागू गरी आगामी नगर सभाबाट अनुमोदन निर्णय गरियो ।

| हाल भएको | संशोधन तथा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| (१२) इलाम नगरपालिका वडा नं. ८ र ९ को पक्की सडकले छोएको जग्गामा प्रति आना रु. ९०।०० | (१२) इलाम नगरपालिका वडा नं. ८ र ९ को पक्की सडकदेखि ५० मिटर | |

| | | |
|---|---|---|
| | सम्म रु. ९०।०० अन्य सोबाहेकको जग्गाको हकमा प्रति आना रु. १५।०० | |
| (१५) २०७५ साल आषाढ मसान्तसम्मको बक्यौता रकमको हकमा प्रतिरोपनी रु २००।०० ले असूल गर्ने, विगतको बक्यौता भए यसै अनुसार असूल उपर गर्ने । | (१५) २०७५ साल आषाढ मसान्तसम्मको बक्यौता रकमको हकमा प्रतिरोपनी रु २००।०० ले असूल गर्ने, तर यस्तो बक्यौता एकपटकको लागि अनुसूची १ को खण्ड (ख) को (१) को दोश्रो बुँदाअनुसारको अधिकतम् सीमा को दोब्बरभन्दा बढी नहुने गरी बक्यौता असुलउपर गर्ने । | |

**निर्णय नं. ५.** इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा इलाम नगरपालिका शिक्षा ऐन, २०७५ अनुसार तादात्म्यता हेरी संशोधन गर्नका लागि गठित समितिबाट प्राप्त सुझाव समेतका आधारमा निम्नानुसार संशोधन गर्नु आवश्यक भएकोले सो संशोधन गर्ने निर्णय गरियो । साथै सो समितिका संयोजक श्री लोकबहादुर थाम्सुहाङ्ग, सदस्यहरु श्री विकास कर्माचार्य र श्री ज्ञानु कट्टेललाई धन्यवाद दिने निर्णय गरियो ।

| क्र.सं. | हाल भएको | संशोधन तथा थप गर्नुपर्ने | कारण |
|---|---|---|---|
| १. | परिच्छेद १ को नियम २. परिभाषामा थप्नुपर्ने | नियम २ को उपनियम (क.१) मा थप्नुपर्ने, "नगर शिक्षा ऐन" भन्नाले इलाम नगरपालिका शिक्षा ऐन, २०७५ संझनु पर्छ । | इलाम नगरपालिका शिक्षा नियमावली , २०७४ र इलाम नगरपालिका शिक्षा ऐन २०७५ वीचको संम्बन्ध स्थापित गर्न |
| २. | परिच्छेद-२ मा | थप गर्नुपर्ने-माध्यमिक तहको कक्षा ११ र १२ को अनुमति स्वीकृति प्रदान गर्दा संघीय सरकारले निर्धारण गरेको मापदण्ड र पाठ्यक्रम प्राप्त भएपछि सोही बमोजिम गरीनेछ । | यो व्यवस्था नियमावलीमा नभएकोले । |
| ३. | परिच्छेद २ को नियम ३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनुपर्ने : को उपनियम १ मा, "कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना" भन्ने वाक्यांश भएकोमा | "कसैले आधारभुत तथा माध्यमिक विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना" हुनपर्ने । | |

| | | | |
|---|---|---|---|
| ४. | नियम ३ को उपनियम २ मा थप्नुपर्ने | “कसैले पूर्व प्राथमिक विद्यालय खोल्न चाहेमा अनुमतिको लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै अनुसुची ९ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ।” | |
| | नियम ५. विद्यालय खोल्न अनुमति दिने : मा “आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनभन्दा दुई महिना अगाडि र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगाडि” भन्ने वाक्यांश भएकोमा , | “ शैक्षिकसत्र सुरु हुनभन्दा दुई महिना अगाडि” भन्ने वाक्यांश हुनुपर्ने , | |
| ५. | परिच्छेद २ को नियम ५. विद्यालय खोल्न अनुमति दिने : को उपनियम १ मा “आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनभन्दा दुई महिना अगाडि र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगाडि” भन्ने वाक्यांश भएकोमा , | “ शैक्षिकसत्र सुरु हुनभन्दा दुई महिना अगाडि” भन्ने वाक्यांश हुनुपर्ने , | |
| ६. | परिच्छेद २ को नियम ५ को उपनियम ४ मा “आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनभन्दा ३० दिन अगाडि दिनुपर्नेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगाडि अनुमति दिनुपर्नेछ ” भन्ने वाक्यांश भएकोमा , | (४) अनुमति दिँदा आधारभूत तथा माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगाडि दिनु पर्नेछ। | |

| | | | |
|---|---|---|---|
| ७. | नियम ५ को उपनियम (५.२) मा थप्नुपर्ने | "नियम ३ को उपनियम (२) बमोजिम पूर्व प्राथमिक विद्यालय खोल्न निवेदन परेमा सम्बन्धित वडा कार्यालयले निवेदनसाथ प्राप्त कागजात र प्रस्तावित विद्यालय भवनको आवश्यक जाँचवुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पुरा भएको देखिएमा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगाडि विद्यालय खोल्न अनुमति दिनेछ भन्ने थप्नुपर्ने | |
| ८. | परिच्छेद २<br>नियम १५ धरौटी रकम जम्मा गरिने : मा "नगर कार्यपालिकाको घरौटी खातामा " भन्ने वाक्यांश रहेकोमा | " विद्यालयले नियम १४ बमोजिमको धरौटी बापतको रकम नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको बैंकमा कार्यालयको लेखा अधिकृत र सम्बन्धित विद्यालयका प्रधानाध्यापकको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी विद्यालयको नाममा मुद्दती खाता खोली जम्मा गर्नुपर्नेछ ।<br>" भन्ने वाक्यांश हुनपर्ने । | सम्पत्तिको अधिकार संवैधानिक भएकाले , |
| ९. | परिच्छेद २ मा थप्नु पर्ने | नियम १७ पछाडि नियम १७ (क) मा थप्नुपर्ने,<br>विद्यालय सार्ने, नाम परिवर्तन वा बन्द गर्न सकिने,<br>इलाम नगरपालिका भित्र संचालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सम्बन्धित वार्ड शिक्षा समितिको प्रारम्भिक सिफारिशमा शिक्षा समितिको सिफारिश वमोजिम कार्यपालिकाले संचालन भइरहेको त्यस्ता विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ | हाल रहेको नियमावलीमा विद्यालय सार्ने, नाम परिवर्तन गर्ने तथा बन्द गर्न सकिने कानुनी प्रावधान नभएकोले भविष्यमा विद्यालय शिक्षा सम्बन्धी प्रस्तुत विषयमा कानुनी समस्या रहने भएकाले, |
| १०. | परिच्छेद-५ नियम २८ को उपनियम "क" मा "वडा अध्यक्षको सिफारीसमा" भन्ने वाक्यांश भएकोमा | "वडा समितिको सिफारीसमा" भन्ने वाक्यांश राख्ने । | वडा समितिलाई जिम्मेवार बनाउन |
| ११. | परिच्छेद ५ नियम २८ को उपनियम (१) को खण्ड (घ) मा "सम्बन्धित विद्यालयको महिला शिक्षकहरुमध्ये १ जना " भन्ने वाक्यांश भएकोमा | " सम्बन्धित विद्यालय व्यवस्थापन समितिले अभिभावकहरु दलित/अल्पसंख्यक/आदिवासी जनजातिबाट २ पुरुष, २ महिलासमेत ४ जना- सदस्य | विद्यालय व्यवस्थापन समितिमा शिक्षकको जिम्मेवारीवोधलाई वढाउने , |
| १२. | परिच्छेद ५ नियम २८ को उपनियम १ को खण्ड (ङ) मा ज्येष्ठतम् शिक्षक रहेकोमा | परिच्छेद ५ नियम २८ को उपनियम (१) को खण्ड (ङ) मा विद्यालयका शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको | ज्येष्ठतम शिक्षक भन्ने वाक्यांशले छनोट प्रक्रियामा जटिलता ल्याउने , |

| | | | |
|---|---|---|---|
| १३. | परिच्छेद ५ नियम २८ को उपनियम (१) पछाडि थप्नुपर्ने | उपनियम १ (क) मा थप्नुपर्ने<br>" विद्यालयका अभिभावक/चन्दादाता/वुद्धिजीवी/समाजसेवी मध्येबाट वडा समितिले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सिफारिश गर्दा १ जना महिला सहित ३ जनाको नाम सिफारिश गर्नुपर्नेछ, । | विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई अझ वढी समावेशीकरण गरी नेपालको संविधानको मर्म अनुसार शिक्षालाई अगाडि वढाउन, |
| १४. | परिच्छेद-५ को नियम ३१ मा नभएको व्यवस्था थप गर्नुपर्ने | नियम ३१ को उपनियम "ज" मा थप गर्नुपर्ने "नगर शिक्षा ऐन" र "इलाम नगरपालिका शिक्षा नियमावली, २०७४" बमोजिम गठन नभएका विद्यालय व्यवस्थापन समिति | ऐन र नियमलाई प्रभावकारी कार्यान्वयन गर्न |
| १५. | परिच्छेद ६ को नियम ३५ मा नगर परिक्षा सञ्चालन तथा समन्वय समितिको सट्टामा | नगरस्तरीय परीक्षा सञ्चालन तथा समन्वय समिति कायम गर्नुपर्ने | |
| १६. | परिच्छेद ९ को नियम ५३ को उपनियम ४ मा उल्लेखित "शिक्षक छनौट समिति" भन्ने वाक्यांश भएकोमा<br>नियम ५३ कै उपनियम ५ मा उल्लेखित "शिक्षक छनौट समिति" भन्ने वाक्यांश भएकोमा | "शिक्षक तथा कर्मचारी छनौट नगर समिति" भन्ने वाक्यांश हुनुपर्ने<br><br>"शिक्षक तथा कर्मचारी छनौट समिति" भन्ने वाक्यांश हुनुपर्ने | नियमावलीमा शिक्षक छनौट समितिको व्यवस्था नभएकाले नियमावली वमोजिम नियमहरुलाई स्पष्ट पार्न |
| १७. | परिच्छेद ९ को नियम ५५ को<br>सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थामा<br>"विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ" भन्ने वाक्यांश भएकोमा, | परिच्छेद ९ को नियम ५५ को<br>सहायक प्रधानाधयापक सम्बन्धी व्यवस्थामा<br>"विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालयको आवश्यकता बमोजिम विद्यालय व्यवस्थापन समितिले सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।" भन्ने वाक्यांश रहनुपर्ने | विद्यालयको आवश्यकता बमोजिम सहायक प्रधानाध्यापक को व्यवस्थागर्नु वाञ्छनीय हुने भएकाले, |
| १८. | परिच्छेद-९को नियम ५७ मा उल्लेखित व्यवस्था | परिच्छेद ९ को नियम ५७ को व्यवस्था खारेज गरी सो व्यवस्थाको सट्टा "शिक्षक तथा कर्मचारी नगर समिति" गठन गरिनेछ।<br><br>(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक वा कर्मचारी नियुक्त गर्नका लागि सिफारिस गर्न नगरपालिकामा देहायानुसारको "शिक्षक तथा कर्मचारी छनौट नगर समिति" रहनेछ<br>क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक<br>ख) नगरपालिकाले तोकेको एकजना प्रतिनिधि-सदस्य | |

| | | | |
|---|---|---|---|
| | | ग) नगर शिक्षा समितिका सदस्य मध्ये १ महिला हित शिक्षा समितिले तोकेको २ जना - सदस्य<br>घ) शिक्षा अधिकृत - सदस्य सचिव<br><br>(२) छनौट समितिले बिषय विज्ञ छनौट गरी परीक्षासँग सम्बन्धित कार्य सम्पादन गराउन सक्नेछ ।<br>(३) छनौट समितिको सचिवालय नगर शिक्षा शाखामा रहनेछ ।<br>(४) नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदमा तत्काल पदपूर्ति गर्न विषयगत विज्ञापन गरी छनौट समितिले करार सूची प्रकाशन गर्नेछ ।<br>(५) प्रकाशित करार सूची योग्यताक्रमअनुसार तयार गरिनेछ र विषयगत शिक्षकलाई योग्यता क्रमअनुसार नै करारमा नियुक्ति लिन सिफारिस गरिनेछ ।<br>(६) करारमा नियक्ति लिन सिफारिस गरीएको उमेद्धारले निर्धारित विद्यालयको करार शिक्षक पदमा नियुक्ति नलिए निजको नाम प्रतीक्षा सूचीबाट स्वतः हटाइनेछ ।<br>(७) कर्मचारीलाई पनि रिक्त पदमा करारमा नियुक्ति गर्न नियम ५७ को सम्पूर्ण व्यवस्था नै अवलम्बन गरिनेछ ।<br>(८) संघीय तथा प्रदेश शिक्षक सेवा आयोगले रिक्त शिक्षक, कर्मचारी पदमा करारमा नियुक्त गर्न करार सूची प्रकाशित गरेमा सोहि बमोजिम सिफारिस गर्ने र सो सूची समाप्त भएपछि मात्र छनौट समितिको करार सूची कार्यान्वयन गर्ने ।<br>(९) शिक्षक कर्मचारी छनौट नगर समितिले आफ्नो बैठक तथा कार्यविधि वारे आफैले निर्धारण गरे बमोजिम हुनेछ । | |
| १९. | परिच्छेद १५ नियम ९८ मा भएको व्यवस्था “विद्यालयको वर्गीकरण संघीय तथा प्रदेश कानूनले तोकेको मापदण्ड अनुसार” हुनेछ | यस नियममा “विद्यालयको वर्गीकरण संघीय तथा प्रदेश कानूनलाई आधार मानी नगर शिक्षा समितिले तोकेको बमोजिम हुनेछ” | स्थानीय परिवेश र आवश्यकता बमोजिम गरी कानून अझबढी व्यवहारिक बनाउन । |
| २०. | परिच्छेद १५ नियम ९९ मा भएको व्यवस्था “विद्यालयको शुल्क सम्बन्धि व्यवस्था संघीय तथा प्रदेश कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ | यस नियममा “ विद्यालयको शुल्क सम्बन्धि व्यवस्था संघीय तथा प्रदेश कानूनलाई आधार मानी नगर शिक्षा समितिले तोकेको बमोजिम हुनेछ ” । | स्थानीय परिवेश र आवश्यकता बमोजिम गरी कानून अझबढी व्यवहारिक बनाउन । |
| २१. | परिच्छेद १६<br>विविधमा थप्नुपर्ने | परिच्छेद १६ नियम ११० पछाडि थप्नुपर्ने,<br>नियम ११०.क **कार्यविधि बनाउन सक्ने** :<br>शिक्षा समितिले नगर शिक्षा ऐन र यस नियमावलीको अधीनमा रही देहायका विषयमा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।<br>(क) विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी,<br>(ख) शिक्षक अभिभावक संघको गठन सम्बन्धी, | नगरपालिकाले जारी गरेको शिक्षा ऐन र नियमावलीको |

| | | | |
|---|---|---|---|
| | | (ग) विद्यालय अनुमति, स्वीकृती, स्थानान्तरण तथा नाम परिवर्तन सम्बन्धी,<br>(घ) परीक्षा संचालन र समन्वय सम्बन्धी,<br>(ङ) संस्थागत विद्यालय संचालन सम्बन्धी,<br>(च) विद्यालयको सम्पति संरक्षण र उपयोग सम्बन्धी,<br>(छ) विद्यालयमा दरबन्दी वितरण, मिलान तथा समायोज सम्बन्धी,<br>(ज) अनौपचारिक शिक्षा, दूर शिक्षा र विशेष शिक्षा सञ्चालन सम्बन्धी,<br>(झ) आवासीय विद्यालय सञ्चालन मापदण्ड सम्बन्धी,<br>(ञ) छात्रवृत्ति वितरण सम्बन्धी,<br>(ट) विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण सम्बन्धी,<br>(ठ) करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी,<br>(ड) तालिम तथा प्रशिक्षण सम्बन्धी,<br>(ढ) शिक्षकको सरुवा, काज तथा दैनिक भ्रमण सम्बन्धी,<br>(ण) विषयगत विज्ञको नामावली अद्यावधिक गर्ने सम्बन्धी,<br>(त) अतिरिक्त क्रियाकलाप संचालन सम्बन्धी<br>(थ) निरीक्षण तथा अनुगमन सम्बन्धी,<br>(द) विद्यालय शिक्षासंग सम्बन्धित अन्य विषय सम्बन्धी ।<br>नियम ११०.ख अनुसूचीमा संशोधन ,<br>नगर कार्यपालिकाले राजपत्रमा सुचना प्रकाशन गरी यस नियमावलीमा उल्लेखित अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ । | कार्यान्वयनलाई व्यवहारिक रुपले अगाडि बढाउन , |
| २२. | अनुसुचीमा संशोधन<br>अनुसूची १२ विद्यालयमा रहने शिक्षक दरबन्दीमा (ग) २. (२) "गणित मुल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना" भन्ने वाक्यांश रहेकोमा | अनुसूची १२<br>विद्यालयमा रहने शिक्षक दरबन्दीमा<br>(ग) २. (२) "गणित वा विज्ञान मुल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना" भन्ने वाक्यांश हुनपर्ने, | कक्षा ९ र १० संचालित माध्यमिक विद्यालयमा भन्दा कम योग्यता भएका शिक्षक कक्षा ९-१२ मा रहने प्रावधानले कक्षा ११ र १२ अध्यापनमा समस्या रही गुणस्तरीय शिक्षामा व्यवधान सृजना हुनुभएकोले |
| २३. | (ग) २.(६) मा "विज्ञान मुल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना" भन्ने वाक्यांश रहेकोमा | (ग) २.(६) मा " विज्ञान वा गणित मुल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना " भन्ने वाक्यांश हुनुपर्ने | |
| २४. | अनुसुची – १४<br>सरुवा हुन दिने निवेदनमा संशोधन गर्नुपर्ने | १ (ख) को प्रावधान हटाउनुपर्ने, | |

| | | | |
|---|---|---|---|
| २५. | २ “सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति ” भन्ने वाक्यांश भएकोमा | २ “ सरुवा भई आउने विद्यालयको व्यवस्थापन समितिको सहमति ” हुनुपर्ने , | |
| २६. | २ (ख) को प्रावधान हटाउनुपर्ने | २ (ख) पछाडि थप्नुपर्ने,<br>निवेदक श्री ……………………लाई ……………………<br>गाउँपालिका/नगरपालिकाको ……………..विद्यालयबाट यस नगरपालिकाको ……………… विद्यालयमा सरुवा गरिएको छ ।<br><br>नगरपालिकाको छाप प्रमुख प्रशासकीय अधिकृतको<br>सही :<br>नाम :<br>मिति | |
| २७. | असुची १६<br>प्रधानाध्यापक छनौटका आधारहरुमा कुनै सूचक उल्लेख नभएको | अनुसुची १६<br>प्रधानाध्यापक छनौटका आधारहरुमा सूचक थप्नुपर्ने<br>सूचकहरु<br>(१) न्यूनतम् शैक्षिक योग्यता वापतत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अंक, द्वितीय श्रेणीको लागि १२.५ अंक र तृतीय श्रेणीको लागि १० अंक दिइनेछ । **कूल अंक १५**<br>(२) माथिल्लो शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक, द्वितीय श्रेणीको लागि ७.५ अंक र तृतीय श्रेणीको लागी ५ अंक दिइनेछ । **कूल अंक १०**<br>(३) शिक्षण अनुभववापत अंक प्रदान गर्दा सबन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भइ २ अंकका दरलले, द्वितीय श्रेणीको भए १.५ अंकका दरले र तृतीय श्रेणीको भए १ अंकका दरले वढीमा २५ अंक दिइनेछ । **कूल अंक २५**<br>(४) तालिम अन्तरगत शैक्षिक तालिम वापत अंक प्रदान गर्दा प्रथम श्रेणीको भए १० अंक, द्वितीय श्रेणीको भए ७.५ अंक र तृतीय श्रेणीको भए ५अंक दिइनेछ । श्रेणी नखुलेको तालीमलाई द्वितीय श्रेणीको अंक दिइनेछ । शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालीम वापत मात्र अंक पाउनेछ । तालिम अन्तरगत विद्यालय व्यवस्थापन तालीम वापत एमुष्ट २ अंक प्रदान गरिनेछ । विद्यालय व्यवस्थापन तालीम वापत शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातक तथा स्नातकोत्तर गरेकाले समेत अंक पाउनेछन् । **कूल अंक १०**<br>(५) विद्यालय व्यवस्थापन तालिम **कूल अंक २**<br>(६) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको वढीमा चार अंकका दरले अधिकतम १२ अंक दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अंक दिंदा प्रति वर्ष देहायका अधारमा दिइनेछ : **कूल अंक १२**<br>$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत} \times ४}{\text{सम्बन्धित विषयको भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत}}$ | प्रधानाध्यापकको चयन प्रक्रियालाई स्पष्ट, बैज्ञानिक र पारदर्शी वनाई योग्य र सक्षम नेतृत्व चयनको प्रक्रिया अगाडि वढाउन , |

(क) भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ । यस खण्डको प्रयोजनका लागि भौगोलिक इकाई भन्नाले श्रोत केन्द्रलाई जनाउँछ ।

(ख) सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्राधानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नुपर्नेछ ।

(७) देहायको कार्य ढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत अंक १० र सोको प्रस्तुतीकरण वापत ४ अंक दिइनेछ । प्रस्ताव वापत अंक प्रदान गर्दा ८० प्रतिशतभन्दा वढी र ४० प्रतिशत भन्दा कम अंक दिनु परेमा सो को पुष्ट्याई समेत दिनु पर्नेछ ।

**कूल अंक १४**

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था,
(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी,
(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धीमा सूचकगत अन्तर,
(घ) अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना,
(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु

(८) प्रमुख प्रशासकीय अधिकृत र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ : **कूल अंक १२**

(क) प्रमुख प्रशासकीय अधिकृत मूल्यांकन अंक ६
(ख) विद्यालय व्यवस्थापन समिति मूल्यांकन अंक ४
(ग) शिक्षकहरुको मूल्यांकन २

| क्र. स. | मूल्याङकनका आधारहरु | अतिउत्तम (१.२५) | उत्तम (१.० | मध्यम ०.७५ | सामान्य (०.५०) |
|---|---|---|---|---|---|
| १. | शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| २. | विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पणभाव | | | | |
| ३. | विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| ४. | उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| | जम्मा | | | | |

(९) सम्बन्धित विद्यालयका शिक्षकहरुले मूल्याङ्कन गरी अंक प्रदान गर्दा खण्ड (८) मा उल्लिखित मूल्याङ्कनको अधारमा अतिउत्तम, उत्तम,

| | | | |
|---|---|---|---|
| | | मध्यम र सामान्य वापत क्रमशः ५, ४, ३ र २ अंक प्रदान गर्नुपर्नेछ । शिक्षक छनौट समितिले व्यवस्थापन समितिद्धारा तोकिएको अवधिभित्र शिक्षकहरुबाट प्राप्त मूल्याङ्कनको औसत अंक निकाल्नु पर्नेछ। शिक्षकहरुको अलग अलग फाराममा गोप्य मूल्याङ्कन शिक्षक छनोट समितिलाई वुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मुल्याङ्कनमा सहभागी हुन पाउनेछैन ।<br>(१०) व्यवस्थापन समितिले उम्मेदवारको मूल्याङ्कन गर्दा बैठक वसी लिखित निर्णय गर्नुपर्नेछ ।<br>(११) नेतृत्व लिने क्षमता वापत अंक प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिनु परेमा सोको पुष्ट्याई समेत उल्लेख गर्नुपर्नेछ । | |

**निर्णय नं. ६.** इलाम नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ मा निम्नानुसार संशोधन गर्नु वाञ्छनीय भएकोले सो संशोधन गर्ने निर्णय गरियो ।

| हाल भएको | संशोधन तथा थप गर्नु पर्ने | कारण |
|---|---|---|
| | अनुसूची २ को २ को ७ मा करारमा नियुक्त हुने कर्मचारीहरुको लागि शैक्षिक योग्यताको हकमा लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने । | कार्यविधिमा इन्जिनियरिङ्ग, वन, कृषि र पशु सेवातर्फको शैक्षिक योग्यता मात्र उल्लेख भएको । |

**निर्णय नं. ७.** इलाम नगरपालिका वडा नं. ८ निवासी डा. भक्तराज दाहालको नसर्ने रोगसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निवेदनमा छलफल हुँदा निजको मागअनुसार आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** राजश्व शाखाको मिति २०७५।४।२१ को पार्किङ्ग सेवा शुल्क र ढुंगा गिटी बालुवा बिक्री तथा निकासी शुल्क ठेक्का बन्दोबस्ती नभएकोमा पुनः सूचना प्रकाशन गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** राजश्व शाखाको मिति २०७५।५।४ को टिप्पणीमा छलफल हुँदा चौथो पटकको सूचना प्रकाशन हुँदा समेत सिटी मार्टको केही कोठाहरुमा लगानीका लागि प्रस्ताव नआएको तर सो खाली रहेको सटरमा लगानी गर्नका लागि हाल केही व्यक्तिहरुबाट निवेदन प्राप्त भएको हुनाले राजश्व शाखाको टिप्पणीअनुसार प्राप्त निवेदनअनुसारको प्रस्ताव नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरी सम्झौता गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १०.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६ मिति २०७५।४।३० को जातीय सिफारिस र जातीय प्रमाणपत्र जारी सम्बन्धी परिपत्र जानकारी भई सो अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** इलाम नगरपालिका, १ नं. वडा कार्यालय साँखेजुङ्गको च.नं. ९२ मिति २०७५।४।२८ को चियापत्तिको मूल्य उपलब्ध गराउने सम्बन्धी पत्रमा छलफल हुँदा सम्बन्धित सरोकारवाला पक्षहरुलाई भेला गरीगराई समस्याको समाधानका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.** प्रशासकीय अधिकृत श्री रामकुमार शाहको मिति २०७५।४।८ को प्रतिवेदनमा छलफल हुँदा धरान उपमहानगरपालिका र इलाम नगरपालिका बीच मिति २०७५।१।१ मा सम्पन्न भगिनी सम्बन्ध

स्थापनासम्बन्धी सम्झौता पत्रको बुँदा नं. (क) कार्यान्वयनका लागि निम्नानुसारको संयुक्त समितिको ढाँचा तयार गरी धरान उपमहानगरपालिकामा पठाउने निर्णय गरियो ।

**संयुक्त समितिको ढाँचा :**

सल्लाहकार : सम्बन्धित नगरपालिकाका माननीय प्रदेश सभा सदस्यज्यूहरू

संयोजक – प्रमुख (६/६ महिनामा परिवर्तन हुने गरी, पहिलो ६ महिना इलाम नगरपालिका र दोस्रो ६ महिना धरान उपमहानगरपालिकाबाट प्रतिनिधित्व हुने, सो पश्चात एवम् रीतले आलोपालो प्रणाली अनुसार धरान तथा इलामका प्रमुखबाट संयोजकत्वको भूमिका निर्वाह हुने)

सहसंयोजक – उपप्रमुख ((६/६ महिनामा परिवर्तन हुने गरी, पहिलो ६ महिना धरान उपमहानगरपालिका र दोस्रो ६ महिना इलाम नगरपालिकाबाट प्रतिनिधित्व हुने, सो पश्चात एवम् रीतले आलोपालो प्रणाली अनुसार धरान तथा इलामका उपप्रमुखबाट सहसंयोजकत्वको भूमिका निर्वाह हुने)

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका वडाध्यक्ष वा वडा सदस्य मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित २/२ जना (मनोनित गर्दा लक्षित समूहका संभव भएसम्म महिलाहरुलाई प्राथमिकता दिएर मनोनित गर्ने)

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका नगर कार्यपालिका सदस्य (महिला) मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित १/१ जना,

सदस्य – नेपाल नगरपालिका संघ, प्रदेश नं. १ का संयोजकबाट तोकिएको प्रदेश नं. १ का महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरु मध्येका प्रमुख १ जना

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत १/१ जना,

सदस्य – धरान र इलामका उद्योग वाणिज्य संघ अध्यक्ष १/१ जना,

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाले तोकेको नागरिक समाज तथा निजी क्षेत्रका प्रतिनिधि १/१ जना

सचिव – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका अधिकृतस्तरका कर्मचारी मध्येबाट सम्बन्धित नगरपालिकाबाट तोकिएको कर्मचारी १/१ जना

कार्यालय सचिव – धरान उपमहानगरपालिकाको नेतृत्वमा रहेको पूर्वाञ्चल क्षेत्रीय अध्ययन केन्द्रका लागि धरान उपमहानगरपालिकाबाट तोकिएको कर्मचारी

द्रष्टव्य :

- संयोजकले आवश्यकतानुसार विविध क्षेत्रका व्यक्ति तथा विज्ञहरुलाई बैठकमा आमन्त्रित गर्न सक्ने ।
- बैठकका सहभागीहरुलाई नियमानुसारको बैठक भत्ता, यातायात खर्च तथा आवासको व्यवस्थापन अध्यक्षता गर्ने नगरपालिकाले बजेट व्यवस्थापन गरी व्यहोर्ने ।
- बैठकको मिति, समय र स्थान संयोजकले तोके अनुसार हुने ।

**निर्णय नं. १३.** विगतमा जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालय इलामबाट कृषक तथा पशुपालन समूह गठन गरी कार्यालयको अभिलेखमा दर्ता गरी प्रमाण पत्र दिने प्रचलन रहेको र वार्षिक रुपमा नवीकरण गर्ने प्रावधान भएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ उपदफा २ खण्ड क को उपखण्ड २ मा टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र संचालन हुने योजनाहरुको लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने अधिकार वडा समितिलाई रहे पनि उल्लिखित समूह गठन, दर्ता, नवीकरण तथा परिचालनका विषयमा कुनै व्यवस्था नभएको र सङ्घीय सरकार र प्रदेश सरकारबाट समेत हालसम्म कुनै निर्देशन नभएको हुनाले विगतमा समेत उल्लिखित विषयगत कार्यालयहरुले अभिलेख दर्ता गरी प्रमाणपत्र जारी गर्ने गरेको प्रचलनलाई निरन्तरता दिदै हालको त्यस्ता समूहहरु दर्ता, संचालन, नवीकरण र परिचालनका लागि यस न.पा. बाट स्थानीय कानुन निर्माण नहुन्जेलसम्मका लागि निम्नानुसारको विधि पूरा गर्ने समूहहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ खण्ड ड, स्थानीय अभिलेख व्यवस्थापनको उपखण्ड ७ को स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्यको अधिकार प्रयोग गरी अभिलेख व्यवस्थापनअन्तर्गत नवीकरण गरि दिने निर्णय गरियो ।

**निम्न :**

- समूहको वार्षिक लेखा परीक्षणको काम नगरपालिकामा सूचीकृत लेखा परीक्षकबाट गराउनु पर्ने ।
- समूहको चौमासिक प्रगति प्रतिवेदन वडा कार्यालयमा पठाउनु पर्ने ।
- समूहको वार्षिक प्रगति प्रतिवेदन नगरपालिकामा पठाउनु पर्ने ।

- समूहले गरेका क्रियाकलापहरुमा आवश्यकतानुसार वडा कार्यालयबाट अनुगमन गराउनु पर्ने ।
- समूह व्यवस्थापन तथा सञ्चालनका लागि इलाम नगरपालिका, उपभोक्ता समिति सञ्चालन कार्यविधि, २०७४ लाई अनिवार्य परिपालना गर्नु पर्ने ।

**निर्णय नं. १४.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी इलाम नगरपालिका सामाजिक सुरक्षा कार्यविधि, २०७५ स्वीकृति गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** इलाम नगरको भौगोलिकता र सबै वडामा बैकिङ्ग सुविधा नपुगेको कारण दैनिकरुपमा राजश्व बैंक दाखिलामा समस्या आइरहेको हुनाले सो समस्या समाधानका लागि वडा कार्यालयबाट असूल हुने राजश्व दाखिला गर्ने कार्य इलाम नगरपालिका वार्ड नं. २, ३, ११ र १२ का लागि पाक्षिक रुपमा र अन्य वडाका लागि साप्ताहिकरुपमा अनिवार्य गर्ने गराउने व्यवस्था मिलाउने साथै राजश्व दाखिलाको कार्य विभिन्न कारणबस समयमा हुन नसकेको हुँदा विगतको लेखापरीक्षण प्रतिवेदनमा बेरुजु औल्याइएको हुँदा भौगोलिकता र बैकिङ्ग असुविधाका कारण समेत समयमा राजश्व बैक दाखिला हुन नसकेको हुनाले सो बेरुजु समेत सम्परीक्षणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** इलामबजार साना सहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयनका लागि आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, इलाम नगरपालिका र उपभोक्ता संस्था बिच मिति २०७५।४।२८ गतेका दिन भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.** इलाम नगरपालिकाको आय ठेक्का सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रष्ट व्यवस्था नभएको र नियमावली समेत आइनसकेको हुँदा साविकको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्थाहरुलाई आधार मानी प्रमुख प्रशासकीय अधिकृतबाट आय ठेक्काको बन्दोबस्ती प्रक्रिया सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८.** मिति २०७५।५।८ गतेका दिन दिनको ११.०० इलाम नगरपालिकाको आ. व. २०७४।०७५ मा सम्पादित विकास निर्माण कार्यहरुको सामाजिक परीक्षण समेत हुने गरी प्रमुखज्यू, उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कायपालिका सदस्यज्यूहरु, सबै शाखा प्रमुखहरु, विषयगत कार्यालय प्रमुखहरु, वडासचिवहरु समेत सहभागी हुने गरी प्रगति समीक्षाका लागि नगर सभाहलमा समीक्षा बैठक आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** इलाम नगर कार्यपालिकाको मिति २०७५।४।२० गतेको निर्णयानुसार स्वीकृत दरबन्दी अनुसार कर्मचारीलाई व्यवस्थापन तथा परिचालन गर्ने, कार्यालयको तलवी प्रतिवेदन प्रमाणित गर्ने, नगरपालिकाले विगतमा भाडामा लिएका वा अब लिने घरहरुको घरभाडा संझौता तथा संझौता नवीकरण गर्ने र नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुमध्येको विगतमा का.स.मू. गर्न छुटेका कर्मचारीहरुको का.स.मू. को कार्य समेत प्रमुख प्रशासकीय अधिकृतबाट हुन निर्णय गरियो ।

**निर्णय नं. २०.** इलाम नगरपालिकाको आ. व. २०७४।०७५ को आन्तरिक लेखापरीक्षण गराउने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार कानुन बमोजिम गर्नु पर्नेमा सो कानुन नभएकोले आन्तरिक लेखापरीक्षण गराउने कार्य साविक अनुसार नै को.ले.नि.का. इलाममार्फत् गराई सो कार्य सम्पादन गरे वापतमा तोकिएअनुसारको अतिरिक्त पारिश्रमिक समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २१.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५ मिति २०७५।४।१० को पत्रमा उल्लेख भएअनुसारको प्रतिबद्धता कार्यान्वयन गर्ने गराउने निर्णय गरियो । साथै मन्त्रालयको आर्थिक कारोबारसँग सम्बन्धित परिपत्र समेत बैठकमा जानकारी भयो ।

**निर्णय नं. २२.** इलाम नगरपालिकाअन्तर्गत रहेका विशेष कोषहरु ( मर्मतसम्भार कोष, वातावरण कोष, विपद् व्यवस्थापन कोष लगायतका कोषहरु) को हालसम्मको खर्च अनुमोदन गर्दै र चालु आ. व. मा सो कोषहरुबाट गर्दा कार्यक्रम स्वीकृत गरी कार्यसम्पादन गरी खर्च गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतमा निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३.** इलाम नगरपालिकाबाट उपलब्ध गराइदै आएको सुत्केरी सुविधालाई अझ व्यवस्थित गरी समयमै वितरण गर्नका लागि वडा कार्यालयहरुलाई पेश्की स्वरुप रकम निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. २४.** सामाजिक सुरक्षा भत्तासँग सम्बन्धित सिफारिस र अस्पतालमा उपचार सहयोगको लागि गरिने सिफारिसहरुमा सिफारिस दस्तुर नलिने निर्णय गरियो ।

**निर्णय नं. २५.** विगतदेखि वर्षाद्को ३ महिनाको अवधिमा खोलाबाट ढुंगा बालुवा झिक्न प्रतिबन्ध गरिएको, तर खोलाबाट ढुंगा बालुवा झिक्न प्रतिबन्ध नभएको समयमा झिकेर भण्डारण गरी राखिएका ढुंगा बालुवा भण्डारण प्रमाणितको सिफारिस उपलब्ध गराउने गरिएकोमा सो कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६.** इलाम नगरपालिकाअन्तर्गत विकास निर्माण आयोजनाहरुमा धरौटी स्वरुप राखिएका रकमहरु फिर्ता दिने सम्बन्धमा सम्बन्धित आयोजनाहरुको म.ले.प. कार्य सम्पन्न भएपश्चात् मात्र फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. २७.** इलाम नगरपालिकाअन्तर्गत चालु आ. व. २०७५/०७६ मा कार्यान्वयन भएको समपत्ति कर, मालपोत र व्यवसाय करको दायरा बढाउनका लागि भौगोलिकताका आधारमा सम्पत्ति कर, मापलपोत र विभिन्न वडामा कार्यान्वयन हुने व्यवसाय करको दरको सम्बन्धमा समीक्षा गर्नु पर्ने भएकोले सोको लागि २ महिना भित्रमा प्रतिवेदन पेश गर्नका लागि कार्यपालिका सदस्य श्री ठाकुरनारायण श्रेष्ठको संयोजकत्वमा कार्यपालिका सदस्य श्री नरेश श्रेष्ठ, श्री नुतनदेव दुलाल, श्री चित्रमाया गुरुङ्ग, श्री श्यामकमल मुखिया रहनु भएको समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८.** म.ले.नि.का. बाट स्थानीय तहको खर्चका लागि सूत्र विधि तयार गरिएको हुँदा नगरपालिकाको योजना कितावको शीर्षक र सूत्रको संकेत नं. तथा शीर्षक फरक पर्न गएमा म.ले.नि.का. को सूत्रमा समायोजन गरी खर्च लेख्ने तथा लेखापालन व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९.** नेपाल नगरपालिका संघको राष्ट्रिय सम्मेलन २०७५।५।७ र ८ गते काठमाडौंमा आयोजना हुने भनिएकोमा सो कार्यक्रम मिति २०७५।५।१२, १३ र १४ गतेका दिन आयोजना हुने भई यस नगरपालिकाका प्रमुख तथा उपप्रमुखले सहभागिता राख्नु पर्ने भएको र यस न.पा.का प्रमुखज्यू नेपाल नगरपालिका संघ, प्रदेश नं. १ को संयोजक हुनु भएको हुँदा सो अवसरमा प्रदेश नं. १ को बैठक समेत आयोजनाका लागि आवश्यक व्यवस्थापन मिलाउने सन्दर्भमा भएको खर्च नगरपालिकाको विविध खर्चबाट भुक्तानी गर्न निर्णय गरियो ।

**निर्णय नं. ३०.** इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलामको स्वामित्वमा रहेको गौतम बुद्ध सभा हल भवनको व्यवस्थापन, इलम महोत्सव, तेश्रो साना सहरी खानेपानी आयोजना लगायतको प्रयोजनको लागि श्रीमान् प्रमुखज्यूबाट करारमा कर्मचारी व्यवस्थापन गर्न कार्यालयलाई मिति २०७५।०४।२४ समेतमा भएको निर्देशानुसार इलाम नगरपालिका, करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ अनुसार २ जना सहायक कम्प्युटर अपरेटर (सहायक चौथो) नियुक्त गर्न भएको कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ उपदफा ४ खण्ड क बुँदा नं. ११ अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने गराउने कार्यका लागि आगामी २०७५।५।२४ गतेदेखि वडा वडामा जनतासँग मेयर कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२.** इलाम नगरपालिकाको २०७५ श्रावण मसान्तसम्म अ.ल्या. सहित सञ्चित कोषमा रु १३,५८,५२,३३१।०० रहेको र चालु खर्च रु ६७,६७,९६६।८० र पूँजीगत खर्च रु ९०,००,०००।०० भएको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।